# ११ परमेश्वरको सिलबन्दी कि पशुको छाप ?

<u>*यस अध्यायका मूल पदहरूः*</u> उत्पत्ति १७:९-११, प्रस्थान ३१:१३,१७, प्रकाश १३:१७, एफिसी १:१३,१४ र हिब्रू ४:९,१०।

<u>*यस अध्यायको मूल सार पदः*</u> **"तिनीहरूले यसो भनेर परमेश्वरका दास मोशाको भजन र थुमाको भजन गाउँदैथिए, "हे परमप्रभु परमेश्वर सर्वशक्तिमान्, तपाईंका कार्य महान् र आश्चर्यपूर्ण छन्, युग-युगका महाराजा, तपाईंका मार्ग धार्मिक र सत्य छन्।" प्रकाश १५:३।**

माथिको सार पदका शब्दहरू उच्चारण गरेर मोशा र थुमाको गीत शुरू हुन्छ। तर त्यो गीत कसले गाउँछ त भन्दा प्रकाश १५:२ले यसरी बताउँछ, "आगोसँग मिसिएका काँचको समुद्रजस्तो मैले देखें। त्यहाँ पशु र त्यसको मूर्तिमाथि र त्यसका नाउँको संख्यामाथि विजय पाउनेहरू आफ्ना हातमा परमेश्वरको वीणा लिई त्यस काँचका समुद्रको किनारमा खड़ा थिए।" हामी पनि तिनीहरूसँग कसरी सामेल हुने?

तेस्रो स्वर्गदूतको सन्देशमा पशुको छापको बारेमा सजग गराइएको छ। परमेश्वरका अन्तिम समयका सत्य जनहरूले घोषणा गर्ने वा प्रचार गर्ने तेस्रो स्वर्गदूतको सन्देशले तिनीहरू परमेश्वरको पक्षमा उभिएका छन् भनेर चिनिनेछन्। बाइबलमा यहाँ उल्लेखित पशुको छाप जस्तो अरू कुनै गम्भीर चेतावनी त छैन तर वर्षौंदेखि मानिसहरूले पशुको छापको बारेमा अनेकौं अड्कल गरिरहेका छन्। कसैले भन्छन् मानिसको निधारमा वा मगजमा राखिने चिनारी नम्बर वा बारकोड, कसैले भन्छन् प्रत्येक मानिसको हातमा हुने सरकारले दिने चिनारी कार्डको नम्बर (क्रेडित कार्डमा लेखिएको नम्बर) वा कुनै न कुनै किसिमले प्रत्येक नागरिकको शरीरमा इलोक्ट्रोनिक वा बिद्युतीय दाग राखेर ऊ कहाँ जान्छ वा के गर्छ भनेर चिनाउन सरकारले नियन्त्रण गर्ने प्रविधिको छाप।

तर बेबिलोन नाउँ वा तत्व आफै नै अन्यौल ल्याउने तत्व भएको हुनाले मानिसहरूमा भएका अनेकौं अडकलबाजीहरूप्रति हामीले अचम्म मान्नुहुन्न। तर परमेश्वरका अन्तिम दिनका जनहरूले तेस्रो स्वर्गदूतको सन्देशलाई प्रभावकारी रूपमा प्रचारप्रसार गर्न पशुको छापको बिषयमा

स्पष्टरूपमा बुझ्नु अति आवश्यक छ। परमेश्वरको छाप वा शील लिन पशुको छापबाट हामी कसरी जोगिने र पशुको छाप भनेको के हो भन्ने विषयमा हामी यस अध्यायमा अध्ययन गर्नेछौं।

## १. परमेश्वरका जनहरू को -को हुन् भनेर चिनाउने उहाँको चिन्ह

**पुरानो करारमा परमेश्वरका जनहरू को - को हुन् भनेर दुई बाहिरी देखाउने वा परिचित गराउने चिन्हहरू थिए। ती दुईमा परमेश्वरका भक्तहरूले गर्नुपर्ने खतना थियो। त्यो खतना वा पुरुषको लिङ्गको नसछेडन गर्ने बिधि कसलाईमात्र दिइएको थियो? हेर्नुहोस्ः उत्पत्ति १७ः९-१३ "९ अनि परमेश्वरले अब्राहामलाई भन्नुभयो, "तिमीले चाहिँ मेरो करार पालन गर्नुपर्छ– तिमी र तिमीपछिका तिम्रा सन्तानहरूले तिनका पुस्तौंसम्म। १० मेरो र तिम्रो, र तिमीपछिका तिम्रा सन्तानहरूका बीचमा भएको तिमीहरूले पालन गर्नुपर्ने मेरो करार यही होः तिमीहरूमध्येको हरेक पुरुष-जातिको खतना हुनुपर्छ। ११ तिमीहरूको आफ्नो खलड़ीको खतना हुनुपर्छ। मेरो र तिमीहरूका बीचमा भएको करारको चिन्ह यही हुनेछ। १२ तिमीहरूका पुस्तौंसम्म तिमीहरूमा हरेक पुरुष आठ दिनको हुने बित्तिकै त्यसको खतना गरिओस्, र साथै तिनीहरूको पनि, जो तिमीहरूका सन्तान होइनन्, चाहे घरमा जन्मेको होस् अथवा कुनै विदेशीबाट दाम हालेर किनेको होस्। १३ चाहे तिम्रो घरमा जन्मेको होस् वा दाम हालेर किनेको होस् जसको खलड़ीको खतना भएको छैन, त्यसको खतना हुनैपर्छ। यसरी मेरो करार तिमीहरूको शरीरमा पछि परन्तुसम्म हुनेछ।"**

परमेश्वर र अब्राहमको बीचमा भएको सम्झौतामा अब्राहम र उनका सन्तानहरूलाई खतना गर्न अऱ्हाइएको थियो। त्यो थियो परमेश्वरले दिनुहुने मुक्तिको चिन्ह। यहूदीहरू जन्मेको आठौं दिनमा सबै पुरूषले खतना गर्नुपर्थ्यो (लेबी १२ः३)। तर पछि गएर खतनाले गर्दा यहूदीहरूमा आफूमात्र परमेश्वरका सन्तान हौ भन्ने घमण्ड बढ्न गएकोले त्यो खतनाको बिधिलाई गहिरो अर्थमा बुझाउन थालिएको थियो। परमेश्वरले मोशा मार्फत भन्नुभयो शरीरको खतना होइन हृदयको खतना वा हृदयको नविकरण (आत्मपरिवर्तन)को आवश्यकता हुनुपर्ने भनेर त्यस शारीरिक खतनाले देखाउँछ (व्यवस्था ३०ः६)। अनि पावलले यसरी स्पष्ट रूपमा आफ्नो भावना व्यक्त गर्दछन्ः "जो बाहिरिरूपमा वा यहूदी जाति भनेर गौरब गर्ने मानिस खास गरेर यहूदी होइनन्। न त परम्परा मान्ने नाउँमा शारीरिक रूपमा खतना गऱ्यो भन्दैमा त्यो मानिस यहूदी हुन्छ। तर भित्रीरूपमा त्यो मानिस यहूदी हो जसले

उसको हृदयलाई खतना गरेको हुन्छ। त्यो शारीरिक नभएर परमेश्वरको पवित्र आत्माले खतना गरिएको हुनुपर्छ। मानिसबाट तारिफ वा प्रशंसा पाउन होइन तर परमेश्वरबाट स्याबासी पाउन उसले हृदयको खतना वा आत्मपरिवर्तन गर्नुपर्छ" (रोमी २:२८,२९ रूपान्तरित)।

नयाँ करारमा शारीरिक खतनाको बिधि बप्तिस्माद्वारा हुने कुरा १ कोरन्थी ७:१९, गलाती ५:६ र ६:१५ले बताउँछ। पुरानो जीवन मरेर नयाँ जीवन पाएको छु भनेर बप्तिस्माको बिधिले देखाउँछ (रोमी ६:३,४)। त्यसैकारण अब शारीरिक खतनाको महत्त्व वा सान्दर्भिकता अब खतम भयो भनेर पावलले बताउँछन्। तर विश्वासद्वारा परिचालित प्रेम र परमेश्वरका आज्ञाहरूलाई शिरोपर गर्ने नीतिमात्र येशूभक्तको जीवनको वास्तविकता हुनजान्छ।

**परमेश्वरका जनहरू हुन् भनेर पहिचान गर्ने बाहिरि चिन्ह खतनापछि अर्को के हो भनेर उहाँले दिनुभएको छ? हेर्नुहोस्ः प्रस्थान ३१:१३ " "तिमीले (मोशाले) इस्राएलीहरूलाई यसो पनि भन्नूः 'तिमीहरूले निश्चय मेरा शबाथहरू मान्नू। तिमीहरू र मेरो बीचमा यो एउटा चिन्ह हुनेछ, कि म, परमप्रभु नै, तिमीहरूलाई पवित्र गर्दछु भनी तिमीहरूले थाहा पाओ।" र इजकिएल २०:१२-२० "१२ त्यसबाहेक तिनीहरूलाई पवित्र (चोखो वा शुद्ध) पार्ने म परमप्रभु नै हुँ भन्ने कुरा तिनीहरूले जानून् भनेर तिनीहरू र मेरो बीचमा चिन्हको लागि मैले तिनीहरूलाई शबाथदिनहरू पनि ठहराइदिएँ। १३ " 'तापनि इस्राएलका मानिसहरू मरुभूमिमा मेरो विरुद्धमा बागी भए। तिनीहरू मेरो विधिहरूमा उर्दीहरूमा चलेनन्, तर तिनीहरूले मेरा नियमहरूलाई इन्कार गरे– यद्यपि ती पालन गर्ने मानिस तिनैबाट बाँच्नेछ– मेरा शबाथहरूलाई तिनीहरूले एकदमै बिटुलो पारे। यसैले मैले भनें, कि म यही मरुभूमिमा तिनीहरूमाथि मेरो क्रोध पोखाएर तिनीहरूलाई नाश गरिदिनेछु। १४ तर जुन जातिहरूका नजरकै सामुन्ने मैले तिनीहरूलाई निकालेर ल्याएँ, ती जातिहरूका आँखाका सामु मेरो नाउँ अपवित्र नहोस् भनेर मेरो नाउँको खातिर मैले यो काम गरें। १५ त्यसबाहेक मैले आफ्नो हात उठाएर मरुभूमिमा तिनीहरूसित यो शपथ खाएँ, कि दूध र मह बग्ने देशमा जो सबै देशहरूभन्दा सुन्दर छ, त्यहाँ म तिनीहरूलाई ल्याउनेछैनँ– १६ किनभने तिनीहरूले मेरा नियमहरूलाई इन्कार गरे र मेरा विधिहरूमा चलेनन्, र मेरा शबाथहरूलाई बिटुलो पारे। किनकि तिनीहरूका हृदय आफ्ना मूर्तिहरूको भक्ति गर्न लागेका थिए। १७ तापनि मैले दया गरेर तिनीहरूलाई मरुभूमिमा सर्वनाश गरिनँ, अथवा तिमीहरूको पूरै अन्त गरिनँ। १८**

**मैले मरुभूमिमा तिनीहरूका छोराछोरीहरूलाई भनें, "तिमीहरू आफ्ना पिता-पुर्खाहरूका धार्मिक-विधानहरूमा नहिँड़ अथवा तिनीहरूका नियमहरू नमान, वा तिनीहरूका मूर्तिहरूले तिमीहरू आफैलाई बिटुलो नपार। १९ म परमप्रभु तिमीहरूका परमेश्वर हुँ। मेरा विधिहरूमा हिँड़, र मेरा नियमहरू पालन गर्नलाई होसियार होओ। २० मेरा शबाथहरू पवित्र राख, र ती मेरो र तिमीहरूका बीचमा चिन्ह होऊन्। तब तिमीहरूले म नै परमप्रभु तिमीहरूका परमेश्वर हुँ भनी जान्नेछौ।"**

यो याद गर्नुहोस्, शबाथ सृष्टिको शुरूमा स्थापना गरिएक थियो (उत्पत्ति २:२,३) भने खतना केवल अब्राहमबाटमात्र शुरू गरिएको थियो। उत्पत्तितर्फ औंल्याएर शबाथको बारेमा येशूले भन्नुभएको थियो "शबाथ मानव जातिको निम्ति स्थापना भएको हो" (मर्कूस २:२७ रूपान्तरित)। उहाँले सृष्टि गर्नुभएकोले, पवित्र तथा शुद्ध पार्नुभएकोले र उहाँको अगाडि हामी निर्दोष हुन गएका छौं भन्ने चिन्ह शबाथले देखाउँछ। त्यसैकारण शारिरिक खतनाको आवश्यकता अब नभएको भएतापनि शबाथलाई समेत पालन गर्ने परमेश्वरका दश आज्ञाहरूचाहिँ कायमै भएको पावलले तर्क गर्दछन्। (पावलले शबाथको बारेमा आफ्नो स्पष्ट धारणा यसरी राख्दछन् "९ यसकारण परमेश्वरका जनहरूका निम्ति शबाथको विश्राम बाँकी नै छ। १० किनकि परमेश्वरको विश्राममा प्रवेश गर्ने जोसुकैले पनि आफ्नो परिश्रमदेखि विश्राम गर्छ, जसरी परमेश्वरले आफ्नो परिश्रमदेखि विश्राम लिनुभयो। ११ यसकारण हामी त्यस विश्राममा प्रवेश गर्नलाई प्रयत्न गरौं, र त्यस्तै किसिमको अनाज्ञाकारिताद्वारा कोही पनि पतित नहोस्।" हिब्रू ४:९-११।

**तपाईंको हृदयमा साँच्चिकै खतना भएको छ कि छैन भनेर तपाईंको सोच, बिचार, नियत र व्यवहारले कसरी देखाउँछ?**

## २. पशु र असत्य तथा नक्कली पूजा, आराधना

**हाम्रो जीवन पशुको छापबाट किन अलग हुनुपर्छ भनेर देहायका केही पदहरूले कसरी बताउँछ? हेर्नुहोस्: प्रकाश १३:१७ "त्यो छाप नभईकन कसैले पनि किनमेल गर्न नपाउने भयो। त्यो छापचाहिँ त्यस पशुको नाउँ वा त्यसका नाउँको संख्या हो।", प्रकाश १४:९,१० "९ त्यसपछि तेस्रा स्वर्गदूत चर्को सोरले यसो भन्दै तिनीहरूका पछि आए, "यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने, १० त्यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा**

**त्यसलाई यातना दिइनेछ।" र र प्रकाश १६:२ "तब पहिलो स्वर्गदूतले गएर आफ्नो कचौरो पृथ्वीमाथि खन्याए, र त्यसले गर्दा त्यस पशुको छाप हुने र त्यसको मूर्तिलाई पुज्ने मानिसहरूलाई घिनलाग्दा र दुख्ने घाउ-खटिरा निस्के।"**

परमेश्वरको नमिसिएको तिखर क्रोधको सामना गर्नुपर्ने, सात महामारीबाट सजायँ भोग्नुपर्ने र अन्तमा आगोको भट्टीमा फ्याँकिनुपर्ने दुष्ट, अधर्मी, अत्याचारी, आतङ्कारी, पापी मानिसहरूको बारेमा हामीले के भन्ने? तर त्यसको विपरीत पशुको छाप लगाउन इन्कार गर्नेहरू समुद्रको सिसामा उभिएर बिजयको ध्वनी गर्दै परमेश्वर र थुमाको प्रशंसाको गीत गाउने परमेश्वरका सत्य जनहरूसँग मिल्न को लालायित नहोला?

कसैले पनि लगाउन नचाहने पशु वा शैतानको छाप के हो त? सनातन सृष्टिकर्ता परमेश्वरलाई पुज्न छोडेर मानिसले आविष्कार गरेका मिथ्या वा झुटो धर्म वा धर्मको प्रतीक हुन् भनेर माथिका पदहरूले स्पष्टरूपमा व्याख्या गर्दछन्। दानिएल ७ मा उल्लेखित चौथौं पशुको शक्ति र प्रकाश १३ मा उल्लेखित त्यस पशुको पछिल्लो चर्तिकलाले परमेश्वरको समय र व्यवस्थाई परिवर्तन गर्नेछ (दानिएल ७:२५) भनेर अगाडिको अध्यायमा हामीले हेर्दा त्यो पशु को हो र त्यसको छाप के हो भनेर हामीले थाहा पाइसकेका छौं। व्यवस्था वा दश आज्ञाका एउटा आज्ञाले मात्र परमेश्वरको समय तथा सार्वभौमसत्ताजाई सिधै यसरी औंल्याउँछ कि उहाँमात्र स्वर्ग, पृथ्वी, समुद्र र तिनीहरूमा भएका सबै थोक सृष्टिगरी विश्राम लिनुभयो-त्यो हो हप्ताको सातौं दिन साबथ (प्रस्थान २०:११)।

पशुले परिवर्तन गर्न खोज्ने आज्ञा यही चौथो आज्ञा हो भनेर पहिलो स्वर्गदूतको सन्देशले औंल्याउँछ। हामीले सृष्टिकर्ता परमेश्वरलाई मात्र हाम्रो प्रभु हुनुहुन्छ र उहाँ पूजनीय हुनुहुन्छ भनेर मान्नुपर्छ भनेर पहिलो स्वर्गदूतको आह्वानले स्पष्ट पार्दछ। प्रकाश १२देखि १४ अध्यायमा उल्लेखित विशेष सातवटा पदहरूमा केवल एक पदमात्र छ (प्रकाश १४:७) जसमा परमेश्वरको मात्र आराधना गर्नु सत्य आराधना हो भनेर  औंल्याइएको छ। अरू छ वटा पदहरूले (प्रकाश १३:४,८,१२,१५ र प्रकाश १४:९,११)मा पशु र उसको प्रतीक वा मूर्तिलाई मानेर झुटो आराधना गर्नेहरूलाई चेतावनी दिँदछन्। असत्य धर्मको पछि लाग्दै लठ्ठ भएर त्यसलाई पूजा गर्दा तिनीहरूलाई के हुनेछ भनेर तेस्रो स्वर्गदूतले आवाज उठाए लगत्तै परमेश्वरका सत्य उपासकहरूको बारेमा यसरी वर्णन गर्दछन्: "सन्तहरूको धैर्यता यसैमा छ: तिनीहरूले परमेश्वरका आज्ञाहरू पालन गर्छन् र तिनीहरूमा येशूको विश्वास

तथा निष्ठा रहन्छ" (प्रकाश १४:१२ कतिपय नेपाली अनुवादहरूमा येशूमा विश्वास भनिएको छ तर येशूमा बिश्वास र येशूको विश्वासमा भिन्नता छ भनेर मान्नुपर्छ-अनुवादकको टिप्पणी)।

निचोडमा भन्नुपर्दा ती तिन स्वर्गदूतहरूको घोषणाले सारा मानव जातलाई दुई खेमा वा समूहमा बिभाजित गर्दछः ती मानिसहरू जसले परमेश्वरका सबै आज्ञाहरू पालन गर्दै उहाँमात्र सृष्टिकर्ता हुनुहुन्छ भनेर उहाँको पूजा गर्ने, त्यसमा हप्ताको सातौं दिन साबथको आज्ञा पनि पर्दछ, र ती मानिसहरू जसले पशु र उसको प्रतीक वा मूर्तिलाई पूजा गर्छ वा उसप्रति निष्ठावान हुन्छ। परमेश्वरले आज्ञा गर्नुभएको हप्ताको सातौं दिन साबथलाई पालन नगर्न सिकाउँदै त्यसको विपरीत आइतबारलाई पालन गर्न जिकिर गर्दै सिकाउने तत्व वा झुटो धर्म नै परमेश्वरको विरोधी पशु हो भन्ने बाइबलको ठम्याई छ।

**पूजा गर्नु वा आराधना गर्नुसँग निष्ठावान वा बफादारी हुनुको सम्बन्ध के छ, सोच्नुहोस्। परमप्रभु सनातनका परमेश्वर नै सृष्टिकर्ता हुनुहुन्छ भनेर उहाँको निष्ठामा रहेर उहाँको मात्र उपासना गर्न कुन आदेशहरूले बताउँछ?**

## ३. परमेश्वरको सिल वा छाप

कुनै पनि कागजपत्रलाई दिगो वा आधिकारिक बनाउन त्यसलाई सिल वा छाप लगाउनुपर्छ। त्यो हातले सही गरे बराबर हो। पौराणिक समयमा मोहर वा स्टाम्पलाई नरम मैन वा माटोमा छाप लगाइन्थ्यो। उक्त छापले त्यो बस्तु कसको हो र कुन आधिकारिक व्यक्तिको हो भन्ने देखाउँदथ्यो। अर्थात त्यो वस्तुमा कसैको अधिकार निहित रहेको देखादउँथ्यो।

**परमेश्वरको पनि मोहर, स्टाम्प वा सिल छ। त्यो के हो र कसरी र कहिले दिइएको हुन्छ? हेर्नुहोस्ः एफिसी १:१३,१४ "१३ तिमीहरू, जसले सत्यको वचन, अर्थात् आफ्नो मुक्तिको सुसमाचार सुन्यौ, र उहाँमा विश्वास गऱ्यौ, उहाँमा नै तिमीहरूलाई प्रतिज्ञा गरिएका पवित्र आत्माको छाप लगाइएको थियो। १४ परमेश्वरको आफ्नो सम्पत्ति, अर्थात् हामीहरूले हाम्रो पूर्ण उद्धार नपाएसम्म उहाँका महिमाको प्रशंसाको निम्ति पवित्र आत्मा हाम्रो उत्तराधिकारको बैना हुनुहुन्छ।", एफिसी ४:३० "अनि परमेश्वरका पवित्र आत्मालाई दुःखी नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ।",२ तिमोथी २:१९ "तर परमेश्वरको दृढ जग खड़ै रहन्छ, र त्यसमा यो छाप लागेको छ, "प्रभुले आफ्ना जतिलाई चिन्नुहुन्छ," र "प्रभुको नाउँ लिने जति हरेक अधर्मबाट टाढ़ै रहोस्।", प्रकाश ७:१-४ "१ यसपछि पृथ्वीमा वा समुद्रमा वा**

**रूखमा बतास नचलोस् भनी चार स्वर्गदूतहरू पृथ्वीका चारै बतासलाई रोकेर पृथ्वीका चार कुनामा उभिरहेका मैले देखें। २ तब जीवित परमेश्वरको मोहोर साथमा लिई अर्को एक जना स्वर्गदूत पूर्वबाट उक्लेका मैले देखें। पृथ्वी र समुद्रलाई हानि पुऱ्याउने अख्तियार दिइराखेका चार स्वर्गदूतलाई यसो भनेर तिनले चर्को स्वरले भने, ३ "हामीले हाम्रा परमेश्वरका दासहरूका निधारमा मोहोर नलाउञ्जेल पृथ्वी, समुद्र वा रूखहरूलाई केही हानि नगर।" ४ तब मैले मोहोर लगाइएकाहरूको संख्या सुनें। तिनीहरू एक लाख चवालीस हजार थिए, र तिनीहरू इस्राएलका सन्तानको प्रत्येक कुलबाट थिए।" र प्रकाश १४:१ "अनि मैले हेरें, र सियोन डाँड़ामा थुमा खड़ा हुनुभएको मैले देखें। उहाँको साथमा एक लाख चवालीस हजार थिए, जसका निधारमा उहाँको नाउँ र उहाँका पिताको नाउँ लेखिएका थिए।"**

परमेश्वरका जनहरू को हुन् र उहाँले कसलाई रक्षा गर्नुहुन्छ भन्ने कुरा उहाँको लालमोहर, टाँचा वा छापले देखाउँछ। परमेश्वरको टाँचा एक चिन्ह हो। जब कोही मानिस येशूलाई विश्वास गरेर आफ्नो जीवन परिवर्तन गर्छ तब त्यसले पवित्र आत्माको वरदान पाउँछ। विश्वासीहरुमा भएको पवित्र आत्मा परमेश्वरको लालमोहर हो भनेर पावलले भन्दछन्। यो बरदान जम्मा गरिएको बैना हो, र जब येशू यस संसारमा फर्केर आउनुहुन्छ तब पवित्र आत्माको बरदान पाएको ब्यक्तिले मुक्ति पाउनेछ र स्वर्गको राज्यमा पस्न पाउनेछ भन्ने ग्यारेन्टी पवित्र आत्माको बरदानले देखाउँदछ।

येशूको आगमनभन्दा ठीक अघि केही विश्वासीहरूको निधारमा छाप लगाइनेछ भनेर प्रकाशको पुस्तकले चित्रण गर्दछ। पछिल्लो पवित्र आत्माको वर्षामा १४४,०००को निधारमा परमेश्वरको स्वर्गदूतले लालमोहर लगाइ दिनुहुन्छ। त्यो परमेश्वरको अन्तिम छाप वा लालमोहर हो। तिनीहरूको निधारमा परमेश्वरको नाउँ वा सही हुनेछ। तिनीहरूको जीवनमा पवित्र आत्मालाई काम गर्न दिएकोमा तिनीहरूले परमेश्वरको चरित्रलाई प्रतिबिम्बित गर्नेछन्।

**परमेश्वरको छाप विपरीत पशुको छाप हेर्नुहोस्। तिनीहरूमा के फरक वा भिन्नताहरू छन्? हेर्नुहोस्: प्रकाश ७:३ "हामीले हाम्रा परमेश्वरका दासहरूका निधारमा मोहोर नलाउञ्जेल पृथ्वी, समुद्र वा रूखहरूलाई केही हानि नगर।" र प्रकाश १४:९,१० "९ त्यसपछि तेस्रा स्वर्गदूत चर्को स्वरले यसो भन्दै तिनीहरूका पछि आए, "यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने, १० त्यसले पनि उहाँका**

**क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ।"**

परमेश्वरका सच्चा उपासकहरूलाई उहाँको मोहर लगाइनेछ तर पशु वा शैतान तथा उसको मतियारको उपासना गर्नेहरुलाई शैतानको चिन्ह वा छाप लगाइनेछ। परमेश्वरको छाप वा मोहर मानिसहरूको निधारमा लगाइदिनेछ। त्यसको अर्थ परमेश्वरको आदेश अनुसार उहाँलाई मान्ने आत्मनिर्णयको अधिकार मानिसलाई दिइएको छ। तर पशुको छाप कि त निधार वा हातमा दिइनेछ। त्यसको अर्थ मानिसहरूले पशुलाई दुई कारणले पुजा गर्छन्। कि त तिनीहरूको आफ्नै दिमागको आत्मनिर्णय अनुसार उसलाई पुज्छन् त्यसको अर्थ तिनीहरूले साँच्चिकै परमेश्वरलाई पुजा गरिहेका छन् भन्ने कुरा दिमागी रुपमा सहमति जनाउँछन् वा पशुलाई नमान्दा कस्तो गम्भीर परिणाम भोग्नु पर्नेछ भन्ने डरले गर्दा पशुको लहैलहैमा लाग्दछन्। पशुको पछि नलाग्नेले किनबेच गर्न नपाइने हुन्छ। त्यतिमात्र नभएर तिनीहरू मारिन पनि सक्छन्। (प्रकाश १३:१७,१५)

"जुन मानिसहरु संसारको लहैलहैमा लागेर संसारसँग एक भएर चल्छन् तिनीहरू संसारकै ढाँचामा लागिरहेका हुन्छन् र तिनीहरूले पशुको छाप पाउने तयारी गरिरहेका हुन्छन्। जो मानिसहरू आफैमाथि भरोसा राख्दैन् र परमेश्वरको सामुन्ने नम्र भएर वा झुकेर उहाँको सत्यलाई पालन गरेर शुद्ध भएर बस्छन् ,तिनीहरू स्वर्गको ढाँचामा लागिरहेका हुन्छन् र तिनीहरूको निधारहरूमा परमेश्वरको छाप वा मोहर लगाउने तयारी भइरहेको हुन्छ।"- एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ५, पृ. २१६बाट रूपान्तरित।

## ४. पशुको छाप

हामीमा त्यो पशुको छाप नहोस् भनेर सतर्क हुनका लागि त्यो छाप के हो त भनेर हामीले अगाडि हेऱ्यौं।दानिएल ७ मा उल्लेखित चौथो पशुले (जुन प्रकाश १३मा पनि चित्रण गरिएको छ) समय र व्यवस्थालाई बदल्न कोशिश गर्नेछ ।(दानिएल ७:२५) कुन समय र व्यवस्थालाई त्यस पशुले परिवर्तन गर्न खोज्नेछ भन्दा चौथौं आज्ञा अर्थात् सावथ आज्ञा हो। यस आज्ञाले मात्र सिधै परमेश्वरले स्वर्ग, पृथ्वी, समुद्र र यावत थोकहरू सृष्टि गर्नुभयो र सातौं दिनमा बिश्राम लिनुभयो वा आफ्नो काम सक्नुभयो भनेर स्पष्ट पार्दछ। (प्रस्थान २०:११)

प्रकाश १४ मा तिन स्वर्गदूतहरूको सन्देशमा पहिलो स्वर्गदूतले सृष्टिकर्ता परमेश्वरको आराधना गर भनेर आह्वान गर्दछन्। परमेश्वर सृष्टिकर्ता होइन भनेर प्रमाण दिन साबथलाई हप्ताको सातौं दिन शनिबारको सट्टा आइतबारमा सार्न पशुले आफ्नो शक्ति प्रयोग गर्दछ। सृष्टिकर्ता परमेश्वर पूजनीय हुनुहुन्छ भन्ने कुरामा बाइबलले स्पष्ट रूपमा बताउँछ। तर उहाँलाई नमानि पशुलाई पूजा गर्नेहरूको गति के हुनेछ भनेर प्रकाश १४:९ले बताउँछ। अनि परमेश्वरका जनहरूलाई के हुनेछ भनेर पद १२मा औंल्याइएको छ।

**यस सन्दर्भमा प्रकाश १४:१२मा लेखिएको छ, अन्तको समयमा साबथले कस्तो निर्णायक भूमिका खेल्छ भनेर परमेश्वरका जनहरूलाई कसरी बुझाउँछ? हेर्नुहोस्: "परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास (येशूको विश्वास) राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।"**

आज्ञाहरू कुन हुन् त? ती भनेका दश आज्ञाहरू हुन्। ती आज्ञाहरूमध्ये चौथोमा साबथको आज्ञा पनि छ जसले परमेश्वर सृष्टिकर्ता र उहाँमात्र पूजनीय हुनुहुन्छ भनेर औंल्याउँछ। त्यसैले पशुको छाप, नक्कली साबथ, अर्थात आइतबारे साबथ जस्ता अलमल्याउने र झुटा कुराहरुलाई हामीले आश्चर्यको विषय मान्नु हुदैन। आइतबारलाई पवित्र दिन मान्नुपर्छ भन्ने आदेश बाइबलमा कहीं पनि दिइएको छैन तर हप्ताको सातौं दिनलेचाहिँ परमेश्वर नै सनातन सृष्टिकर्ता हुनुहुन्छ र त्यसकारण उहाँको आराधना गर्न उहाँ योग्यको हुनुहुन्छ भन्ने कुरा स्पस्ट पर्दछ।

तर अहिले नै आइतबार पालन गर्ने इसाईहरूले पशुको छाप पाइसकेका छन् त? होइन पाएका छैनन्। प्रकाश १३:१५ अनुसार जो मानिसहरू पशुलाई परमेश्वर भनेर पूजा गर्न वा ढोग्न अस्वीकार गर्छन् तिनीहरू मारिनेछन् भनेर उल्लेख गरिएको छ। अन्तको समयमा आइतबारलाई मान्ने कि शनिबारलाई मान्ने भन्ने विषय जीवन र मृत्युसँग सम्बन्धित हुनेछ। बर्तमान समयमा हामी अझै पनि त्यो स्थितिमा पुगिसकेका छैनौं। अन्तिम परीक्षाको घडी नहुञ्जेल पशुको छाप लगाइने छैन। त्यसकारण अहिले कसैलाई पनि पशुको छाप लगाइएको छैन।

**सन्तहरू परमेश्वरका आज्ञाहरू पालन गर्छन् र येशूमाथिमात्र होइन येशूको विश्वास पनि तिनीहरूमा हुन्छ। सत्य इसाई वा येशूभक्त हुन ती स्वभावहरू वा दश आज्ञाहरु पालन गर्न तथा** विश्वासिलो विश्वासी **हुन किन आवश्यक छ ?**

## ५. साबथ परमेश्वरको छाप वा सिल

**सातौं दिन** साबथले परमेश्वरका सत्य जनहरूको चिनारी दिन्छ भनेर इतिहासभरी देखाइएको कुरा हामीले हेर्‍यौं। आदम र हव्वाको पालादेखि येशू आउनुभन्दा अघिसम्म इस्रायलले साबथलाई मात्र निरन्तरता दिएको थियो। नयाँ करारमा पनि येशू र चेलाहरूले साबथको गरिमालाई वा महिमालाई निरन्तरता दिएका कुरा पनि हामीले थाहा पायौ। युगको अन्तमा परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूको विश्वास गर्ने (प्रकाश १४:१२) भक्तजनहरूले आफूहरू अरूभन्दा फरक छौ भनेर साबथ पालनालाई जारी नै राख्नेछन् भन्ने विषयमा हामी स्पष्ट छौ।

**कुनै पनि व्यक्तिले आफूलाई येशूभक्त हुँ भनेर दावी गर्छ भने त्यसले साबथको गरिमालाई अति महत्त्वपूर्ण ठानेको हुनुपर्छ। हेर्नुहोस्: प्रस्थान २०:८-११ "८ शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू। ९ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १० तर सातौंचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न गाईबस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस्। ११ किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथदिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो।" र हिब्रू ४:९,१० "९ यसकारण परमेश्वरका जनहरूका निम्ति शबाथको विश्राम बाँकी नै छ। १० किनकि परमेश्वरको विश्राममा प्रवेश गर्ने जोसुकैले पनि आफ्नो परिश्रमदेखि विश्राम गर्छ, जसरी परमेश्वरले आफ्नो परिश्रमदेखि विश्राम लिनुभयो। ११ यसकारण हामी त्यस विश्राममा प्रवेश गर्नलाई प्रयत्न गरौं, र त्यस्तै किसिमको अनाज्ञाकारिताद्वारा कोही पनि पतित नहोस्।"**

**साबथ** दश आज्ञाको मुटु वा केन्द्रविन्दु हो। सृष्टिकर्ता परमेश्वरको सार्वभौमसत्ताको आधिकारिकतालाई सिल वा टाँचा लगाउन साबथ दिइएको थियो। "प्रभु तिम्रो परमेश्वर हुनुहुन्छ" भनेर चिनारी गराउन वा उहाँको नाउँलाई परिचित गराउन साबथ दिइएको थियो। परमेश्वरको अधिकार वा क्षेत्राधिकारलाई देखाउनु साबथ दिइएको थियो। साबथले नै बताउँछ कि सारा जगत, पृथ्वी, समुद्र र त्यहाँ भएका यावत थोकहरूमा परमेश्वरको अधिकार छ। उहाँको आधिकारको आधार साबथ हो भनेर पनि यसले चिनारी गर्दछ,

"परमेश्वरले छ दिनमा स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो... सातौं दिनमा विश्राम लिनुभयो (अर्थात् आफ्नो काम सम्पन्न गरेर फुर्सद लिनुभयो)"

संसारमा धेरै धर्मका प्रवर्तक र देवी-देवताहरू आफूले संसार सृष्टि गरेको हुँ भनेर दावी गर्छन् तर नयाँ करारमा येशूमार्फत परमेश्वरले सबै थोक बनाउनुभयो भनेर ऐतिहासिक रुपमा ठोकुवा गर्नुभएको पाउँछौं (यूहन्ना १:१-३, कलस्सी १:१६, हिब्रू १:१,२)। इस्रायलको इतिहासमा अझै पनि साबथ दिनलाई निरन्तरता दिइएको सन्दर्भमा येशूले नै हाम्रो संसार सृष्टि गर्नुभयो र सातौं दिनमा विश्राम लिनुभयो भनेर जिकिर गरिएको छ। जब शुक्रवारको अपरान्हमा येशू क्रुसमा झुण्डि रहनुभएको थियो त्यसबेला उहाँ "अब सिध्दियो" भनेर कराउनुभएको थियो (यूहन्ना १९:३०)। जसरी सृष्टिको काम सकेपछि साबथमा विश्राम लिनुभयो त्यसरी नै हाम्रो सट्टामा हामीलाई मुक्ति दिन उहाँको बलिको काम सम्पन्न भयो भनेर जानकारी दिनुभएको थियो र साबथभरी चिहानमा उहाँले विश्राम लिनुभयो। त्यसकारण साबथ दोहोरो आशिषको दिन हो, पहिलो सृष्टिपछि र पछि क्रुसमा दिइएको बलिदानपछि । त्यसैकारण सच्चा येशूभक्तहरूले साबथमा विश्राम लिनुको अर्थ जसरी परमेश्वरले काममा विश्राम लिनुभयो त्यसरी नै तिनीहरू पनि आ-आफ्ना कामबाट विश्राम लिन्छन् भनेर देखाउँछन्। (हिब्रू ४:१०)। हाम्रो धर्मकर्म, सुकर्म आदिले हामी मुक्ति पाउँदैनौं तर येशूले जे गर्नुभयो त्यसमार्फत मात्र हामीले मुक्ति पाउने छौ भन्ने सबुद प्रमाण दिने साबथ मुक्तिको एक सिद्ध प्रतीक हो। मुक्तिको शुरुवात र अन्त येशू नै हुनुहुन्छ र उहाँमाथिको हाम्रो विश्वासको आधारमामात्र हामीले मुक्ति पाउँछौं भन्ने व्यवहारिक प्रमाण साबथले दिन्छ।

**यदि हामीले आफ्नो कामबाट विश्राम लिने कुरा साबथले देखाउँछ भने आइतवारलाई पालन गर्दा त्यसले के देखाउँछ? बेबिलोन वा नक्कली आस्थाको मौलिक चरित्र आइतवारलाई मान्दा के देखिन्छ त?**

## उपसंहारः

**थप जानकारीः** "परमेश्वरका जनहरूका निधारमा छाप लगाउनु भनेको कुनै देखिने दाग वा छाप होइन बरू बौद्धिक र आत्मिकरूपमा सत्यलाई दिमागमा जमाइ राख्नु हो, यानिकी तिनलाई मेटाउन नसकियोस। जब परमेश्वरका जनहरूमा छाप लगाइन्छ र मानिसहरू उहाँलाई विश्वास गर्ने कि नगर्ने भनेर दोधारमा परिरहेका हुन्छन् तब परमेश्वरको न्याय शुरू हुन्छ। यो अहिले नै शुरू भइसक्यो। परमेश्वरको न्याय अब पृथ्वीमा भइरहेको छ। ...हामीलाई

थाहा छ के आउनेछ।"-एलेन जी ह्वाइट, *द फेथ आइ लिभ बाइ,* पृ. २८५बाट रूपान्तरित।

"**कोहि मानिस परमेश्वर**को निष्ठामा छ कि छैन भनेर देखाउने ठूलो जाँच साबथ हुनेछ। इसाई र मानव जगतमा सत्य साबथको विषय विशेष गरेर विवादास्पद छ। जब अन्तमा मानिसहरूलाई अन्तिम परीक्षा आउँनेछ तब सनातन सृष्टिकर्ता परमेश्वरलाई ढोग्ने कि नढोग्ने, उहाँको सेवा गर्ने कि नगर्ने भन्ने निर्णायक घडी आउनेछ। जब राज्यको नियम अनुसार नक्कली साबथ वा आइतबारलाई पालन गर्न मानिसहरूले सहमति जनाउँछन् तब तिनीहरूले सृष्टिकर्ता परमेश्वरको बिरुद्धमा खडा हुने शक्तिको पङ्क्तिमा सामेल भएको प्रमाणित गर्नेछन्। किनभने परमेश्वरको आज्ञा अनुसार कोही मानिसले सही साबथलाई पालन गर्छ भने त्यो मानिसले सृष्टिकर्ता परमेश्वरको निष्ठामा रहेको वा उहाँमा बफादारी भएको देखाउँछ। जब एक समूह वा श्रेणीले पृथ्वीका शासकहरूको आदेश अनुसार तिनीहरूको अधिकारमा बसेर नक्कली साबथलाई पालन गर्छन् तब त्यस समूहले पशुको छाप पाउँछन्, तर अर्को समूह जो परमेश्वरको अधिकारमा निष्ठावान भएर बस्छ त्यसले परमेश्वरको छाप वा सिल पाउँछ।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ६०५बाट रूपान्तरित।

**चिन्तनमननः**

**अ)** **कुनै अनावश्यक विवाद नगरिकन पशुको छाप र परमेश्वरको छाप वा सिलको सत्य बारेमा अरूलाई कसरी सिकाउने? अहिले नै कसैको दिमागमा पशुको छाप लगाइएको छैन भनेर हामी कसरी जिकिर गर्न सक्छौं?**

**आ)** **साबथसँग पवित्र आत्माको छाप कसरी सम्बन्धित छ?**

**इ)** **"वौद्धिक र आत्मिकरूपमा सत्यलाई दिमागमा जमाइ राख्नु" भन्नुको अर्थ के हो?**

**ई)** **आत्मिक बेबिलोन वा मिथ्या धर्मको चरित्र वा स्वभाव वा चर्तिकला के के हुन्? मानिसलाई जबरजस्ती त्यसको मूल्य वा धर्मलाई लाद्न कस्ता खालका तरिकाहरू ती धर्मका मानिसहरूले प्रयोग गर्छन्? हामीहरूकै चर्चमा आज पनि बेबिलोनले सिकाएका शिक्षाहरू कसरी पसिरहेको हुनसक्छ? त्यसलाई जानेर परमेश्वरको राज्यको मूल्य मान्यतालाई मध्यनजरमा राख्दै त्यसको पछि लाग्नेहरूलाई हामीले कसरी सम्झाउने वा सम्हाल्ने?**

कथा ११

स्वर्गबाट आएको पत्र

**क्लिफोर्ड लङ्ग, ६१**

**वेस्ट भर्जिनिया, अमेरिका**

वेस्ट भर्जिनियामा रहेको क्लिफोर्ड लङ्गको हुलाकको बाकसमा एक दिन सबैलाई छक्क पर्ने गरेर एउटा पत्र आयो। "के तपाईं बाइबलको बारेमा सिक्न वा थाहा पाउन पत्राचार गर्न चाहनुहुन्छ कि" भनेर हातले लेखेको एउटा पत्र आएको थियो। साबथ, मानिस मरेपछि के हुन्छ र येशूको दोस्रो आगमन जस्ता विषयमा सिक्न सकिने कुरा त्याहाँ लेखिएको थियो।

क्लिफोर्ड र उनकी श्रीमती नियमित चर्च जाँदैनथे। तर चर्च जानुपर्ने आवश्यकताको बारेमा भने तिनीहरूको बीचमा कुराकानी हुन्थ्यो। तर कुराकानीमा धेरै चर्चहरू भएकोले कुन चर्चमा जाने र कुन चर्च ठीक हो भन्ने कुरामा तिनीहरू अन्यौलमा थिए किनभने उनीहरू कुनै पनि चर्चमा आवद्ध भएका नै थिएनन्।

"चर्चले सिकाउने कतिपय कुराहरू त्यति चित्तो बुझ्दो छैन। एउटा चर्चले भन्छ त्यो चर्च ठीक छ, अर्कोले भन्छ त्यो चर्च ठीक छ। कुन चर्च ठीक छ र कुन ठिक छैन भनेर मैले ठम्याउननै सकिरहेको थिइन। त्यही समयमा यो पत्र आइपुग्यो" क्लिफोर्डले भने।

क्लिफोर्डले बाइबल अध्ययन शुरू गर्न थाले। ती प्रत्येक बाइबल अध्ययनको पर्चा उनले आफूले काम गरिरहेको विद्युत निकाल्ने उर्जा कम्पनीमा लैजान्थे। त्यहाँ कोइलालाई जलाएर भट्टीबाट बिजुली निकालिन्थ्यो। उनको काम त्यहाँको मेशिन चलाउनु थियो। त्यही मेशिन चलाएर बिजुली निकालिन्थ्यो। कामगर्ने अर्को मानिससँगै तिनी राती काम गर्दथे र तिनीहरू केहि समय फुर्सद पनि पाउथे।

क्लिफोर्डले आफ्नो कार्यालयमा बाइबलका पाठहरू लान्थे। "मलाई ती पाठहरू असाध्यै मन परेको थियो र अर्को पाठ कहिले औला भनेर प्रतिक्षा गर्थें" क्लिफोर्डले भने। साबथको बारेमा उनले बिशेष रुचि देखाएका थिए। सानोमा उनी आइतबारको चर्च जान्थे। तर उनले सही दिनमा आराधना गरिरहेका हुन् कि होइनन् भनेर उनको बुबाले प्रश्न गर्दा उनलाई आइतबारको बारेमा शङ्का लागिरहेको थियो। "बाइबलले शनिबार पवित्र दिन भनेको छ तर

तिनीहरूले किन आइतबार पालन गर्छन्? भनेर मेरो बुबाले सोध्नुहुन्थ्यो। यो प्रश्न मेरो मनमा बिजिरहेको थियो" क्लिफोर्डले भने।

जब बाइबल अध्ययन गर्ने क्रममा साबथको बारेमा छलफल गर्न थालियो तब साबथको बारेमा सेभेन्थ-डे एडभेन्टिस्टले गरेको तर्क उनलाई ठीक लाग्न थाल्यो। सृष्टिको शुरूमै हप्ताको सातौं दिन अलग गरिएको थियो र त्यो परिवर्तन गरिएको छैन भनेर उनले स्वीकारे। तर धेरै इसाईहरूले आइतबार नै किन पालन गर्छन् भन्ने कुरामा उनलाई खुल्दुली लागिरहेको थियो। एक पछि अर्को गरेर डिस्कभरी, आमेजिङ्ग फाक्टस् र भ्वाइस अभ प्रोफेसी बाइबल पत्राचार अध्ययन उनले पूरा गरे।

अनि सन् २०१५मा कोइलाबाट निकाल्ने बिजुलीको कार्यालय बन्द भयो। त्यहाँका कर्मचारीहरूलाई पाँच वर्ष अघिदेखि नै त्यो बन्द हुनेछ भनेर सतर्क गराइएको थियो। तर क्लिफोर्ड र अरूले भने कुनै न कुनै रूपमा त्यो कार्यालय चल्नेछ भन्ने आशा गरेका थिए। २७ वर्ष काम गरिसकेपछि क्लिफोर्ड अब छिट्टै नै अवकास लिदै थियो। जसको कारण उनी शोकमा डुब्नुभन्दा बरू उनी खुशी भए।आफूले थप बाइबल अध्ययन गर्न पाउने भएकोले र साबथको बिषयमा बाधा नआउने भएकोले कामबाट अवकास पाउँदा उनलाई आनन्द नै लागेको थियो।

त्यसपछि क्लिफोर्ड र उनकी श्रीमती क्याथीले बाइबल पत्राचार गर्ने महिला डेलसी नाइसलीसँग भेट गरे। पेशाले उनी किसानी थिइन्। पत्राचार गर्ने क्रममा बाइबल सम्बन्धी प्रश्नहरू छ भने सोध्नुहोस् भनेर उनले अनुरोध गर्थिन्। पछि डलसी क्लिफोर्ड दम्पतीको घरमै गइन्। क्याथी र डेलसी छोटो समयमै साथी बन्न पुगे।

अक्टोबर २०१५मा डेलसीले श्रृखलावद्ध सुसमाचारीय कार्यक्रममा भाग लिन निम्तो दिइन्। ब्लुफिल्ड सहरमा रहेको भ्यालि भ्यू सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा डेलसीकै अगुवाईमा सुसमाचारीय कार्यक्रम भएको थियो। क्लिफोर्ड र क्याथीले उक्त कार्यक्रममा सहभागी हुन रूची देखाए। रोमन क्याथोलिक चर्चले शनिबारलाई आइतबारमा परिवर्तन गरेको र अरू प्रोटेस्टेन्टहरूले त्यसालाई सहर्ष स्वीकारेको भन्ने कुरा तिनीहरूले थाहा पाए। धेरै इसाईहरूले इमान्दारीपूर्वक परमेश्वरको आराधना आइतबार गर्छन तर तिनीहरूले परमेश्वरको व्यवस्थालाई तोडिरहेका छन् भन्ने कुरा तिनीहरूलाई थाहा छैन भन्ने कुराको महसुस तिनीहरूले गरे।

कार्यक्रम भइरहेको दिनमा डाक्टरले क्याथीलाई नाकको शल्यक्रिया गर्नुपर्छ भनेर सल्लाह दिएका थिए। तर कार्यक्रम पछिमात्र शल्यक्रिया गर्ने भनेर उनले निधो गरेकी थिइन्। "सुसमाचारीय कार्यक्रम छुटाउन नचाहेकोले उनी शल्यक्रिया गर्ने मिति सार्दै थिइन्" भनेर क्लिफोर्डले भने। सुसमाचारीय कार्यक्रममा २५ जनाले भाग लिएका थिए। तिनीहरू सबै प्रायजसो चर्चका सदस्यहरू नै थिए। तर त्यस कार्यक्रममा दुई जनाले बप्तिस्मा लिए। तिनीहरू क्लिफोर्ड र क्याथी थिए।

बाइबल अध्ययन गर्नकालागि पत्र आएकोमा आफू खुशी भएको ६१ वर्षका क्लिफोर्डले सुनाए। "मलाई थाहा थियो कि परमेश्वरले नै यो पठाउनुभएको थियो किनकि कुन चर्चमा जाने होला भनेर मैले सोचिरहेको थिएँ" क्लिफोर्डले व्यक्त गर्दछन्। अरूले पनि बाइबल अध्ययन गरून् भनि क्लिफोर्ड चाहन्छन्। उनका दुई छोराहरू र छिमेकीलाई बाइबल पत्राचार गर्न अनुरोध गरेका थिए। "बाइबल अध्ययन एकदम अचम्मको छ। त्यसमा धेरै कुराहरू सिकिन्छ। यस खालको बाइबल अध्ययनले ठूलो प्राथमिकता पाउनुपर्छ किनभने यसले मानिसहरूलाई चित्तबुझ्ने तरिकाले बाइबल सिकाउँदछ" क्लिफोर्डले आफ्नो मनतव्य व्यक्त गर्दछन्।

## रहस्यमय पत्र

डेलसीको सूचीमा क्लिफोर्डको नाउँ कसरी समावेश भयो सो उनलाई थाहा थिएन। सन् २०१४मा जब डेलसी स्थानीय चर्चद्वारा संचालित बाइबल पत्राचार स्कूलमा संयोजक बनिन् तब उनले आफ्नै हातले ३०० जनाको नाउँमा बाइबल अध्ययनका लागि निम्तो दिएकी थिइन्। ती ३०० जना मानिसहरूले अघि नै बाइबल अध्ययन गर्न अनुरोध गरेका थिए। हुनसक्छ क्लिफोर्डले कार्ड पाएपछि बाइबल अध्ययन गर्न अनुरोध गरेका होलान् भनेर क्लिफोर्ड जाने एडभेन्टिस्ट चर्चका पास्टर जेम्स भोल्पले भन्छन्। तर क्लिफोर्ड र उनको श्रीमतीले त्यस्तो अनुरोध गरेको आफूलाई थाहा नभएको बताउँदछन्। तर जे भएपनि जुन समयमा पत्र पुग्यो त्यो अत्यन्त उपयुक्त समयमा बाइबल अध्ययन गर्न अनुरोध गरिएको पत्र क्लिफोर्डको हातमा पुगेको थियो।

*-आन्ड्र मेकचेस्नी*